## बारम्बार सोधिने प्रश्नहरू :

१. लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड के कस्तो कम्पनी हो ?

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड नेपालको एक ठूलो पूँजीबाहक जीवन बीमा कम्पनी हो । भारतीय जीवन बीमा निगम (एल.आई.सी.अफ इन्डिया) को ५५% र विशाल ग्रुपको २५% संयुक्त लगानीमा संस्थापित यस कम्पनीमा सर्वसाधारण लगानीकर्ताहरूको २०% शेयर लगानी रहेको छ । एल.आई.सी. (नेपाल) लि.को संस्थापना तत्कालिन कम्पनी ऐन, २०५३ अनुसार मिति २०५७/०९/१२ मा भएको हो जस अनुसार कम्पनी दर्ता नं. ७६५/०५७-५८ रहेको छ । बीमा समितिबाट मिति २०५८/०४/२३ मा जीवन बीमा व्यवसाय संचालनको अनुमति प्राप्त गरी कम्पनीले मिति २०५८/०५/१६ देखि आफ्नो कार्य संचालन गरेको हो ।

२. एल.आई.सी. (नेपाल) लिमिटेडले कस्ता प्रकारका बीमालेखहरू बिक्री गर्ने गर्दछ ?

एल.आई.सी.(नेपाल) लिमिटेडले विविध प्रकृतिका बीमालेखहरू बजारमा ल्याएको छ । अत्यन्तै सस्तो बीमाशूल्क भएको आवधिक जीवन बीमा 'अमूल्य जीवन योजना' र सर्वाधिक उच्च सुनिश्चित प्रतिफल दिने र लगानी योग्य 'जीवन आस्था योजना' हरू यस कम्पनीमा छन् । यस कम्पनीले हाल बीमा अवधी र बीमा योजनाहरूको आधारमा रू. ६१ देखि रू. ८५ प्रति हजार प्रति बर्षको दरमा बिमितहरूलाई बोनसहरू प्रदान गरिरहेको छ ।

३. मलाई जीवन बीमा किन अपरिहार्य छ ?

जीवन बीमाले जीवनमा घट्न सक्ने अदृष्य विपतीबाट मानिसलाई सुरक्षा प्रदान गर्दछ । प्राय परिवारका सदस्यहरू अभिभावकको निश्चित आम्दानीबाट बाचेका हुन्छन् । कदमकदाचित् अभिभावकको असामयिक निधन हुन गएमा जीवन बीमाले त्यस्तो परिवारलाई आर्थिक सुरक्षा दिन्छ । तसर्थ, परिवारलाई माया गर्नेहरूले उनीहरूको जीवन बीमा गराउनु पर्दछ । जीवन बीमा एक प्रकारको बचत पनि हो जसले समय समयमा साथै बीमा परिपक्वतापछि उत्कृष्ट प्रतिफल दिने गर्दछ । आफ्नो बीमालेख धितो राखी आवश्यक कर्जा सुविधा लिन पनि सकिन्छ ।

४. म कसरी एल.आइ.सी. (नेपाल) लिमिटेडमा जीवन बीमा गराउन सक्छु ?

यस कम्पनीमा जीवन बीमा गराउन एकदमै सजिलो छ । हाम्रो वेभसाइटमा राखिएका सबै बीमा योजनाहरू पढनुहोस् र तपाईलाई मिल्ने छान्नुहोस् । त्यसपश्चात् कम्पनीको कुनै पनि शाखा कार्यालय वा हाम्रा अभिकर्ताहरूसँग सम्पर्क गरी प्रस्ताव फारम भर्नुहोस् , स्वास्थ्य परीक्षण प्रतिवेदन र बीमाशुल्क रकम बुझाउनुहोस् । यति गरिसकेपछि कम्पनीले तपाईलाई बीमा गरेको बीमालेख प्रमाण पत्र उपलब्ध गराउने छ ।

५. जीवित लाभ भनेको के हो ?

धनफिर्ता योजनामा बीमितलाई एक निर्दिष्ट समयान्तरपछि रकम दिने प्रावधान राखिएको हुन्छ जसलाई जीवित लाभ भनिन्छ ।

६. शाखा कार्यालयहरूमा कस्ता सुविधाहरू उपलब्ध हुन्छन् ?

शाखा कार्यालयहरूले हाम्रा बीमितहरूलाई सबै सेवाहरू उपलब्ध गराउँदछन् । यस्ता सेवाहरू अन्तर्गत बीमाशुल्क संकलन गर्ने, बीमालेखहरू जारी गर्ने, बीमाका लागि कोटेशन उपलब्ध गराउने, बीमा परिपक्वता लाभ र मृत्यु दाबी भुक्तानी सेवा उपलब्ध गराउने आदि पर्दछन् ।

७. म आफ्नो बीमाशुल्क रकम कहाँ बुझाउन सक्छु ?

एल.आई.सी. (नेपाल) लिमिटेडको कुनै पनि शाखा कार्यालयमा अथवा यस कम्पनीले तोकेको बैकहरूको कुनै पनि शाखा कार्यालयमा बीमाशुल्क जम्मा गर्न सकिने छ ।

८. किन इच्छाएको व्यक्तिको नाम राख्न आवश्यक छ ?

कदमकदाचित् बिमितको निधन हुन गएमा इच्छाएको व्यक्तिको नाम मनोनयन गरिएको छ भने सजिलैसँग इच्छाएको व्यक्तिको नाममा बीमाबापतको रकम उपलब्ध गराउन सकिन्छ । तसर्थ, इच्छाएको व्यक्तिको नाम प्रस्ताव फारममा स्पष्टसँग लेख्नु पर्दछ । कम्पनीलाई आधिकारिक पत्रबाट अनुरोध गरी इच्छाएको व्यक्तिको नाम परिवर्तन गर्न समेत सकिनेछ ।

९. सूचना आदानप्रदानका लागि कसरी आफ्नो ठेगाना परिवर्तन गर्न सकिन्छ ?

तपाईको ठेगाना, सम्पर्क नम्बर र इमेल परिवर्तन भएमा स्वयम् उपस्थित भै वा हुलाक वा इमेलमार्फत लिखित अनुरोध आएमा परिवर्तन गरिनेछ र कम्पनीले त्यसपछि तपाईको परिवर्तित ठेगानामा सम्पर्क गर्नेछ ।

१०. बीमा दाबी भुक्तानी कति चाँडो हुन सक्छ ?

ऐन बमोजिम यस कम्पनीले निर्दिष्ट गरे बमोजिमका आवश्यक कागजातहरू पुरा हुनासाथ कुनै पनि प्रकारको बीमालेखबाट प्राप्त हुन सक्ने दाबी रकम तुरून्त भुक्तानी दिइने छ ।